## बैठक नं ३९

मितिः २०८०।६।१० गते, बुधबार, जिल्ला सरकारी वकील कार्यालय, बर्दियाको कार्यालय सम्बन्धी कामकाजलाई प्रभावकारी बनाउन कर्मचारीको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

श्री नगेन्द्र लम्साल, जिल्ला न्यायाधिवक्ता

श्री डिल्लीराज ज्ञवाली, सहायक जिल्ला न्यायाधिवक्ता

श्री भगवती शर्मा पौडेल, टाईपिष्ट नायव सुब्बा

श्री गोविन्द वि.क., नायव सुब्बा

श्री जावन सिंह रामजाली, खरिदार

श्री बालकृष्ण थारु, हलुका सवारी चालक

श्री निरज थारु, कार्यालय सहयोगी

श्री सुर्यकुमार थारु, कार्यालय सहयोगी

श्री सुजित श्रेष्ठ, कार्यालय सहयोगी

**छलफलका विषयहरू**

१) मुद्दाको मिसिल चेकजाँच गरी फैसला भएका मुद्दाको रेकर्ड राखि प्राप्त नभएका फैसला प्राप्तिको लागि सम्बन्धित निकायमा ताकेता गर्ने ।

**निर्णयहरु**

निर्णय नं १) प्रस्तान नं १ का सम्बन्धमा छलफल गर्दा जिल्ला सरकारी वकील कार्यालय बर्दियामा रहेका मुद्दाको फाईलहरुको मिसिल चेक जाँच गरी सम्बन्धित निकायबाट छुट भएका कागजातहरु ल्याई मुद्दाको मिसिल अद्यावधिक गर्ने । बर्दिया जिल्ला अदालत लगायत अर्धन्यायिक निकाय जिल्ला प्रशासन कार्यालय बर्दिया र बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालयबाटसमेत फैसला भएका मुद्दाहरुको विवरण अद्यावधिक गरी फैसला भएका मुद्दाहरुको छुट्टै विवरणको डिजिटल अभिलेख निरन्तर तयार गरी प्रत्येक महिना कार्यालय प्रमुख समक्ष मुद्दा शाखाले पेश गर्ने । फैसला भएको तीन महिनाको अवधी व्यतित भएपछि सम्बन्धित निकायबाट फैसला प्राप्त नभएको भए सम्बन्धित निकायमा फैसला प्राप्तिको लागि ताकेता गर्ने । आ.व. २०७९।८० साल र त्यस अघि भएका फैसलाहरु प्राप्त नभएको भए मिसिल चेक जाँच गरी सम्बन्धित निकायमा ताकेता गरी फैसला मिसिल संलग्न गर्ने । मिसिल अद्यावधिक गर्ने र फैसला प्राप्त गर्ने कार्य सात दिन भित्र गर्ने । महान्यायाधिवक्ताको कार्यालयको चलानी नं ५१४, मिति २०८०।६।४ गतेको कर्मचारी प्रशासन शाखाको पुनरावेदन सम्बन्धी कारवाही उचित समयमा सम्पन्न गर्ने सम्बन्धमा प्राप्त पत्र बारे छलफल गरी उक्त पत्रानुसार तदारुकताका साथ सहायक जिल्ला न्यायाधिवक्ता श्री डिल्लीराज ज्ञवाली सहित नायव सुब्बा श्री गोविन्द वि.क र खरिदार जावन सिंह

२०८०।६।१०

रामजालीसमेतले कार्यालयमा रहेका मुद्दाहरुको मिसिल चेक जाँच गरी कार्यालय प्रमुखलाई सात दिन भित्र पेश गर्ने ।

२०८०।६।१०